नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

वर्ष ३३ अंक ६३ २०८० साल असोज १५ गते सोमबार (2 Oct. 2023 Monday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : चीन भ्रमणले दुई देशको.. ३ पृष्ठमा : पाँच वर्षमा सडक दुर्घटनामा १२ हजार.. ३ पृष्ठमा : दिल्लीस्थित अफगानी ...

## राजविराजबाट जनकपुर जाँदै गरेको बस मिर्चौयामा दुर्घटना, दुई जनाको मृत्यु, २५ जना घाइते




**दैनिक समाचारदाता**
**राजविराज, १४ असोज ।**

राजविराजबाट जनकपुरधामतर्फ जाँदै गरेको एक यात्रुबाहक बस आइतबार दिउँसो सिरहाको मिर्चौयामा दुर्घटना हुँदा दुई जना यात्रुको मृत्यु भएको छ भने २५ जना घाइते भएका छन् ।

आईतबार दिउँसो करिब २:३० बजे राजविराजबाट जनकपुरधामतर्फ जाँदै गरेको ना.४ख. ७९८७ नम्बरको धनलक्ष्मी ट्राभल्सको स्प्रिङ पट्टा भाँचिएर मिर्चैयाको मारुती सिमेन्ट फैक्ट्री नजिक अनियन्त्रित भई दुर्घटना भएको ईलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ ।

ईलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी जीतेन्द्र बस्नेतले तीब्र गतिमा आउँदै गरेको बस अनियन्त्रित भएर दुर्घटना भएको प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै जानकारी दिएका छन् । दुर्घटनामा मृत्यु भएका दुई जनाको सनाखत हुन नसकेको उनले बताए ।

सोही दुर्घटनामा घाईते भएका २५ जनाको स्थानीय अस्पतालहरुमा उपचार भईरहेको तथा तीन जनाको अवस्था गम्भिर रहेकोले सिरहा पठाइएको बताए ।

बसका चालक र बस मिर्चैया प्रहरीको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ । यस घटनाबारे अनुसन्धान सुरु गरिएको डिएसपी बस्नेतले बताए ।

## सशस्त्र प्रहरीद्वारा एक सय थान वाकीटाकी बरामद




**दैनिक समाचारदाता**
**राजविराज, १४ असोज ।**

भारतबाट अवैध रुपमा नेपाल ल्याउँदै गरेको एक सय थान वाकीटकी सेट सशस्त्र प्रहरीले बरामद गरेको छ ।

सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट छिन्नमस्ताबाट खटेको टोलीले शनिबार राती छिन्नमस्ता गाउँपालिका वडा नं. २ मोहनपुरबाट उक्त परिमाणको वाकीटाकी बरामद गरेको हो ।

गस्तिमा रहेको प्रहरीलाई देख्नासाथ बोरामा प्याक गरेर टाउँकोमा बोकेर ल्याउँदै गरेका एक ब्यक्ति भने सामान छाडेर फरार भएको सशस्त्र प्रहरी उपरिक्षक धनबहादुर सिंहले जानकारी दिएका छन् ।

बाकीटकी सेट ल्याउने व्यक्तिको खोजिकार्य भइहरेको तथा कुन प्रयोजनका लागि वाकीटकी सेट ल्याइएको भन्ने बारे अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ ।

करिब ८ लाख मुल्य बराबरको उक्त वाकीटाकी आइतबार आवश्यक कारवाही प्रक्रियाका लागि तिलाठी कोइलाडीस्थित राजविराज भन्सार कार्यालय बुझाइएको उनले जानकारी दिएका छन् ।

## पेट्रोलियम पदार्थमा भएको मुल्य बृद्धि फिर्ता, पुरानै मुल्य कायम

**दैनिक समाचारदाता**
**राजविराज, १४ असोज ।**

नेपाल आयल निगमले शनिबार रातीदेखी लागु हुने गरि पेट्रोलियम पदार्थमा गरेको मुल्य बृद्धि सरकारले फिर्ता लिएको छ ।

आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले मूल्य वृद्धि फिर्ता लिन आयल निगमलाई निर्देशन दिएपछि उक्त मुल्यबृद्धि फिर्ता भएको हो ।

सरकारले पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिई पुरानै मूल्य निर्धारण गर्न निर्देशन दिएको थियो ।

शनिबार बसेको निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर २, डिजेल र मट्टितेलमा प्रतिलिटर ६ र खाना पकाउने ग्यासमा प्रतिसिलिण्डर २१५ रुपैयाँ बढाउने निर्णय गरेको थियो ।

त्यस्तै हवाइ इन्धन आन्तरिक र अन्तर्राष्ट्रिय दुवैमा प्रतिलिटर ८ रुपैयाँ बढाएको थियो । निगमले शनिबाररराती पेट्रोलियम पदार्थको भाउ बढाएपछि चौतर्फी विरोध भइरहेको छ ।

## सरकारद्वारा उच्चस्तरीय आयोग गठन

काठमाडौं, १४ असोज (रासस) ।

सरकारले सुन तस्करी प्रकरणमा छानबिन गर्न उच्च अदालतका पूर्वन्यायाधीश डिल्लीराम आचार्यको संयोजकत्वमा चार सदस्यीय छानबिन आयोग गठन गरेको छ । आयोगको सदस्यमा किशोरजङ्ग कार्की, प्रेमराज जोशी र सहकुल थापा हुनुहुन्छ ।

आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले तीन महिनाको समय दिएर आयोग गठन गरेको सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले जानकारी दिनुभयो । "सुनको अवैध पैठारी तस्करीको नियन्त्रण गर्न सुझावसहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग गरिएको छ", उहाँले भन्नुभयो ।

आइतबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र प्रमुख प्रतिपक्षी दल (नेकपा) एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच भएको छलफलपछि आयोग गठनको निर्णय गरिएको थियो ।

सुन तस्करी प्रकरणका सम्बन्धमा एमालेलगायतका दलले उच्चस्तरीय छानबिन आयोगको माग गर्दै आएकोमा गत भदौ ६ गते सरकार र राजनीतिक दलबीच असोज ५ सम्म उच्चस्तरीय छानबिन आयोग गठन गर्ने र सोही दिनदेखि आयोगले काम गर्ने सहमति भएको थियो ।

प्रधानमन्त्री दाहालले आइतबार प्रतिनिधिसभाको बैठकमा सम्बोधन गर्ने कार्यक्रम छ । सो अवसरमा प्रधानमन्त्री

***बाँकी अन्तिम पृष्ठमा***

## वडा अध्यक्षको निधन शोकमा बिदा



**दैनिक समाचारदाता**
**राजविराज, १४ असोज ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष हरिप्रसाद राय अमातको. शनिबार राती निधन भएको छ ।

केही समयदेखी पक्षघातबाट पीडित भई थलो परेका उनको शनिबार राती आफ्नै निवासमा निधन भएको परिवारजनले जनाएका छन् ।

६५ वर्षिय राय गत स्थानीय तह निर्वाचनमा नेपाली काँग्रेसको तर्फबाट उम्मेदवार भई निर्वाचित भएका थिए ।

उनको निधनले अपूर्णिय क्षति भएको भन्दै काँग्रेस सप्तरीले शोक वक्तब्य जारि गर्दै मृत आत्माको चिरशान्तिको कामना तथा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरिएको छ ।

सचिव सनत मण्डलद्वारा जारि प्रेस विज्ञप्तिमा रायको निधनले पार्टी र डाक्नेश्वरी नगरपालिकावासी दुबैलाई अपूर्णिय क्षति पुगेको उल्लेख छ ।

यसैबीच वडाअध्यक्ष रायको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै डाक्नेश्वरी नगरपालिकाले आइतबार नगर क्षेत्रमा शोक बिदा दिने गरेको छ । नगरप्रमुख रामलखन मलाहले शोक मनाउन मातहतका सबै कार्यालयमा एक दिन बिदा दिने निर्णय भएको बताए ।

सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरूबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धमा कुनै किसिमको दु:ख-कष्ट वा अनावश्यक ढिलासुस्ती, झण्झट वा अप्ठ्यारा भोग्नुपरेमा सोको सूचना र सेवा प्रवाह सुधारको लागि कुनै सुझाव भए राष्ट्रिय सतर्कता केन्द्रमा जानकारी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### खेलकुद गतिविधीमा तिब्रता आवश्यक

वर्तमान अवस्थामा नेपाल खेलकुद क्षेत्रमा अगाडी बढेको छ। खास गरि क्रिकेटमा नेपालले ठूलो फड्को मारेको छ। पहिलो पटक नेपालले एशिया कप क्रिकेटमा सहभागिता जनाएर राम्रो खेलको सुरुवात गरेको छ। हुन त नेपालमा क्रिकेट भन्दा पहिला फुटवल खेलको विकास भएको थियो। तर, फुटबलमा खासै प्रगति नगरे पनि आफ्नो प्रतिनिधित्व भने जनाउँदै आएको छ।

नेपालको खेलकुदको इतिहासमा क्रिकेट खेलले विश्वमा नयाँ पहिचान बनाएको छ। भर्खरै सम्पन्न एशिया कपमा सहभागिता जनाएपछि नेपालले चौतर्फी राम्रो चर्चा पाइरहेको छ। यस्तै चीनमा जारि एशियन खेलकुद प्रतियोगितामा नेपाली क्रिकेट टोलीले विभिन्न विश्व रेकर्ड समेत बनाउन सफल भएको छ। यतिका हुँदा हुँदै पनि नेपालमा हालसम्म क्रिकेट खेलाडीले पाउनु पर्ने सम्मान र हौसला प्राप्त गर्न सकेका छैनन्। क्रिकेट खेलका लागि मैदान समेतको अभाव छ। गुणस्तरिय खेलकुद मैदान नभएका कारण नेपालले अन्य मुलुकमा हुने प्रतियोगिता भन्दा केही दिनअघि नै गएर अभ्यास गर्न बाध्य छन्।

सप्तरीको सन्दर्भमा कुरा गर्ने हो भने यहाँ खेलकुद गतिविधी न्यून छ। यहाँ पनि क्रिकेट मैदानको अभाव छ। जिल्लामा ठूला खेलकुदका प्रतियोगिताका लागि खेलमैदानको अभाव हुँदा खेलकुद गतिविधी कम हुने गरेको छ। तसर्थ खेलकुदप्रति सबै पालिकाले बजेट बिनियोजन गर्नेतर्फ ध्यान पुर्‍याउनु आवश्यक छ। अनि मात्र जिल्लाले खेलकुद गतिविधीमा तिब्रता पाउनुका साथै खेलाडी उत्पादनमा समेत बृद्धि हुनेछ।

# चीन भ्रमणले दुई देशको सम्बन्ध थप उचाइमा : प्रधानमन्त्री

काठमाडौँ, १४ असोज (रासस)। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो पछिल्लो चीन भ्रमणका क्रममा भएका छलफलबाट नेपाल-चीन सम्बन्धलाई थप उचाइ दिन मद्दत पुगेको बताउनुभएको छ। उहाँले विगतमा भएका समझदारीको कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धतासमेत सो अवसरमा व्यक्त भएको उल्लेख गर्नुभयो।

प्रतिनिधिसभाको आइतबारको बैठकलाई सम्बोधन गर्नुहुँदै उहाँले चीनका राष्ट्रपति सि चिनपिङले गर्नुभएको भ्रमणपछि नेपालबाट गरिएको पहिलो उच्चस्तरीय भ्रमणका रुपमा आफ्नो चीन भ्रमण भएको उल्लेख गर्नुभयो।

"कोभिड-१९ महामारीका कारण लामो समयदेखि उच्चस्तरमा कुनै भ्रमण नभएका सन्दर्भमा मेरो भ्रमणले नेपाल र चीनबीच आपसी विश्वासको वातावरणलाई थप सुदृढ गर्दै दुवै मुलुकबीच रहिआएको ऐतिहासिक सम्बन्धको समग्र पक्षलाई थप प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेलेको विश्वास लिएको छु", प्रधानमन्त्री दाहालले भन्नुभयो।

प्रधानमन्त्री दाहाल नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही सेप्टेम्बर १७ देखि २१ सम्मसंयुक्त राष्ट्रसङ्घको ७८औँ महासभामा सहभागी भई सम्बोधन गर्नुभएको थियो। सो सम्बोधनपश्चात् सेप्टेम्बर २३ देखि ३० सम्म जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमण सम्पन्न गरी उहाँ यही असोज १३ गते स्वदेश फर्कनुभएको हो।

संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागी हुन र चीनका प्रधानमन्त्री लि छियाङको निमन्त्रणमा चीन भ्रमणमा जानुअघि पनि आफूले सदनलाई जानकारी गराएको प्रधानमन्त्रीले उल्लेख गर्नुभयो।

चीन भ्रमणका दौरान चीनका राष्ट्रपति र प्रधानमन्त्रीसँग सारभूत पक्षमा भएको छलफलबाट नेपाल-चीन सम्बन्धलाई थप उचाइ दिन मद्दत पुगेको तथा विगतमा भएका समझदारीको कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त भएको प्रधानमन्त्री दाहालले उल्लेख गर्नुभयो।

चीनका महामहिम राष्ट्रपति र प्रधानमन्त्रीसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता र छलफलका क्रममा चीनसँगको व्यापार, लगानी, अन्तरदेशीय यातायात सञ्जाल र आर्थिक सामाजिक साझेदारी वृद्धि गर्दै लैजाने दिशातर्फ हाम्रो सम्बन्ध केन्द्रित रहनुपर्नेमा आफूले राखेको धारणाप्रति उहाँहरुले पूर्ण समर्थन रहने बताउनुभएको प्रधानमन्त्री दाहालले जानकारी दिनुभयो।

उच्चस्तरीय भेटमा नेपालको उत्तरी सीमा क्षेत्रमा चीनतर्फबाट प्रसारण लाइन निर्माण, नेपाल र चीनको सिमानामा रहेको भूभागमा केन्द्रीय विद्युत प्रसारण प्रणालीबाट विद्युत्को पहुँच पुर्‍याउन नसकिने स्थानमा सौर्य प्रणाली जडान गर्ने विषयमा सहमति भएको प्रधानमन्त्री दाहालले सदनलाई जानकारी गराउनुभयो।

यस्तै, विभिन्न सडक निर्माण तथा स्तरोन्नति, स्वास्थ्य तथा कृषि क्षेत्रमा सहयोग विस्तार, कोभिडपछि अवरुद्ध भएका साथै परम्परागत सीमानाकाको पुनःसञ्चालन, सीमानाकामा नेपालतर्फ पूर्वाधार निर्माण, अत्याधुनिक प्रयोगशाला निर्माणजस्ता पूर्वाधार विकासका विषयमा छलफल केन्द्रित भएको उहाँको भनाइ छ।

यसैगरी नेपाल-चीनबीचको जनस्तरको सम्बन्धलाई प्रगाढ बनाउन पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनबाट सोझै हवाई उडान गर्नुका साथै विज्ञान र प्रविधिका क्षेत्रमा सहकार्य गर्ने, द्विपक्षीय व्यापार विस्तार गर्ने सम्बन्धमा समेत विस्तारपूर्वक छलफल भएको प्रधानमन्त्री दाहालले उल्लेख गर्नुभयो।

"नेपाल सदैव एक चीन नीतिमा प्रतिबद्ध रहँदै आएको र नेपाल-चीनबीचको सम्बन्ध पञ्चशीलको सिद्धान्त, असल मित्रता, आपसी साझेदारी र सम्मान तथा अन्तर्राष्ट्रिय मूल्यमान्यता र कानुनमा आधारित रहेको पृष्ठभूमिमा भविष्यमा यो सम्बन्धलाई थप उचाइमा लैजाने दिशातर्फ दुवै पक्षले गर्नुपर्ने कार्यका बारेमा छलफल भयो", प्रधानमन्त्री दाहालले भन्नुभयो।

चीन भ्रमणका समयमा चीनको हाङ्झाउमा विभिन्न मुलुकका राष्ट्रप्रमुख र सरकार प्रमुख एवं उच्चस्तरीय प्रतिनिधिसमेतको उपस्थितिमा चीनका राष्ट्रपतिले गर्नुभएको उद्घाटन समारोहमा सहभागी भई नेपाली खेलाडीहरुको हौसला बढाउने अवसर प्राप्त भएको प्रधानमन्त्री दाहालले जानकारी दिनुभयो।

हाङ्झाउ र बेइजिङमा भएका बैठक र छलफलका अलावा चीनको छोङछिङ, चीनको स्वाशासित क्षेत्र तिब्बत र छन्दुकोसमेत भ्रमण गरी द्विपक्षीय सम्बन्धका बारेमा विभिन्न तहमा छलफल भएको थियो।

"प्रत्येक बैठकमा त्यहाँका राजनीतिक नेतृत्वबाट नेपाल-चीन सम्बन्धलाई थप उचाइमा पुर्‍याउने एवं मेरो भ्रमणका अवसरमा नेपाल र चीनबाट संयुक्तरूपमा जारी वक्तव्यमा पूर्ण कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त भएको थियो", प्रधानमन्त्री दाहालले भन्नुभयो, "यसका साथै चीनको जनकाङ्ग्रेसका अध्यक्षसँगको भेटमा संसदीय प्रणाली र कानुन निर्माणमा चीनको जनकाङ्ग्रेसको अनुभवसमेत बुझ्ने अवसर प्राप्त हुनुका साथै आपसी सहयोग आदानप्रदान गर्ने विषयमा छलफल भएको थियो।"

चीन भ्रमणअघि आफूले संयुक्त राष्ट्रसङ्घको ७८औँ महासभामा सहभागी भई उच्चस्तरीय सत्रमा नेपालकोतर्फबाट सम्बोधन गरेको प्रधानमन्त्री दाहालले सदनलाई जानकारी गराउनुभयो। सो सम्बोधनमा नेपालको शान्ति प्रक्रिया र त्यसलाई ठोस निष्कर्षमा पुर्‍याउन अन्तर्राष्ट्रिय समुदायको सहयोग, जलवायु परिवर्तन तथा यसले गर्दा नेपाललगायत अल्पविकसित देशमा पारेका प्रभावलाई केन्द्रित गरेको जानकारी दिँदै प्रधानमन्त्रीले ती समस्याको निराकरणका उपायहरू, हिमाली राष्ट्रका समस्या, दिगो विकासका लक्ष्यको प्राप्तिमा अल्पविकसित राष्ट्रका समस्याका बारेमा उल्लेख गरेको बताउनुभयो।

प्रधानमन्त्री दाहालले ती समस्या समाधानमा साधनस्रोतको व्यवस्थाका लागि विश्वसमुदायको गम्भीर ध्यानाकर्षण गराएको तथा अतिकम विकसित तथा भूपरिवेष्ठित राष्ट्रका समस्याप्रतिविश्वको ध्यानाकर्षण गराएको स्पष्ट पार्नुभयो।

अतिकम विकसित राष्ट्रको विकासका लागि अन्तर्राष्ट्रिय सहयोग, प्रविधि हस्तान्तरण र लगानीका माध्यमबाट गरिबी तथा असमानता हटाउँदै जानुपर्ने विषयमा विशेष जोड दिएको प्रधानमन्त्री दाहालले सदनलाई जानकारी गराउनुभयो।

समकालीन विश्वका प्रमुख मुद्दाहरू, मानवअधिकार, आतङ्कवाद तथा निःशस्त्रीकरणबारे नेपालको दृष्टिकोण प्रस्तुत गरेको उहाँले उल्लेख गर्नुभयो। प्रधानमन्त्री दाहालले समग्रमा दुवै भ्रमण सफल भएको आफूले ठानेको बताउनुभयो। उहाँले चीनको भ्रमणले झण्डै चार वर्ष लामो नेतृत्व तहबाट एक अर्को मुलुकमा भ्रमण नभएको स्थितिको अन्त्य गरेको बताउनुभयो।

"उच्चस्तरमा भएको द्विपक्षीय वार्ताबाट छिमेकीका संवेदनशील विषयमा नेपालले पालना गर्दै आएको नीतिको पुनःपुष्टि भएको छ, राजनीतिक तहमा विश्वासको वातावरण बनेको छ। पूर्वाधार निर्माण, व्यापार, लगानी तथा जनस्तरको सम्बन्ध विस्तारमा द्विपक्षीय सहयोग र सहकार्यलाई तीव्रता दिने मार्गप्रशस्त भएको छ र अझ महत्वपूर्ण त नेपाल र नेपाली जनताप्रति चिनियाँ नेताहरूको सद्भावमा अभिवृद्धि भएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो।

संयुक्त राष्ट्रसङ्घको महासभामा प्रधानमन्त्रीस्तरमा भएको सहभागिताबाट नेपालको शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउन संयुक्त राष्ट्रसङ्घ र अन्तर्राष्ट्रिय समुदायको सद्भाव हासिल गर्ने, नेपालमा द्वन्द्वबाट शान्तितर्फ रुपान्तरणको सफल उदाहरणलाई अन्तर्राष्ट्रिय समुदायले उचित मान्यता दिनुपर्ने, दिगो विकासका लक्ष्यको कार्यान्वयन तथा जलवायु परिवर्तनका प्रभावबारे नेपाललगायत अतिकम विकसित मुलुकका चुनौती र तिनको सम्बोधनका लागि विश्वसमुदायको ध्यानाकर्षण गराउने विषयमा नेपाल यसपटक देखिने गरी प्रस्तुत गर्न सफलता मिलेको प्रधानमन्त्री दाहालले सदनलाई जानकारी गराउनुभयो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# पाँच वर्षमा सडक दुर्घटनामा १२ हजार आठ सयको मृत्यु, ८० हजार घाइते

काठमाडौँ, १४ असोज (रासस) ।
सवारी व्यवस्थापन र दुर्घटना न्यूनीकरणमा सरोकारवाला तथा आमनागरिकको भूमिका र जिम्मेवारी बोध गराउने उद्देश्यले काठमाडौँ महानगरपालिका र काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयको समन्वयमा आइतबारदेखि 'सडक सुरक्षा तथा ट्राफिक सचेतना सप्ताह-२०८०' सुरु भएको छ ।

सवारी चालक, सडक प्रयोगकर्तालगायत आमनागरिकलाई सडक सुरक्षा र दुर्घटना न्यूनीकरण सम्बन्धमा सुसूचित गराउने, सडक अनुशासन र सुरक्षित प्रयोगका सम्बन्धमा सचेत गराउने उद्देश्यका साथ सप्ताह सुरु गरिएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले जानकारी दिनुभयो ।

उपत्यका केन्द्रित बसाइसराइँ, सहरीकरणलगायतबाट भइरहेको जनसङ्ख्या वृद्धि, सवारी चाप, सवारी व्यवस्थापनमा प्रविधिको प्रयोगको कमी, फुटपाथ अतिक्रमण, सवारी नियम तथा ट्राफिक नियमसम्बन्धी ज्ञानको कमीलगायत कारणबाट काठमाडौँ उपत्यकाको ट्राफिक व्यवस्थापन जटिल एवं चुनौतीपूर्ण बन्दै गइरहेको छ । अहिले पनि काठमाडौँ उपत्यकाको सवारी व्यवस्थापन ट्राफिक प्रहरीको हातको इसाराको भरमा चल्दै आइरहेको छ ।

देशभरि ६३ लाख सवारी साधन दर्ता छन् । काठमाडौँ उपत्यकामा मात्रै करिब १८ लाख सवारी साधन दर्ता भएको र करिब १४ लाख सवारी दैनिक सडकमा गुड्ने अनुमान गरिएको छ ।

पछिल्लो पाँच वर्षमा देशभर १२ हजार आठ सयको सडक दुर्घटनामा मृत्यु भएको छ भने उपत्यकामा मात्रै हजारभन्दा बढीको मृत्यु भएको ट्राफिक प्रहरीको तथ्याङ्क छ । पाँच वर्षमा सडक दुर्घटनामा परी करिब ८० हजार घाइते भएका छन् ।

गत आवमा सवारी दुर्घटनाबाट मुलुकभर दुई हजार आठ सय ८३, आव २०७८/७९ मा दुई हजार तीन सय ७६, आव २०७७/०७८ मा दुई हजार पाँच सय, आव २०७६/७७ मा दुई हजार दुई सय ५१ र आव २०७५/७६ मा दुई हजार सात सय ८९ जनाको मृत्यु भएको ट्राफिक प्रहरीले जनाएको छ ।

उपत्यकामा हाल एक हजार तीन १३ ट्राफिक दरबन्दी रहेको छ । दरबन्दीभन्दा बढी प्रहरीलाई ट्राफिक व्यवस्थापनमा खटाइएको प्रहरीले जनाएको छ । उपत्यकामा मात्रै एक हजार आठ सय २२ ट्राफिक सवारी व्यवस्थापनमा खटिएका छन् ।

काठमाडौँ उपत्यकाको ट्राफिक व्यवस्थापन थुप्रै चुनौती आइपरेको उल्लेख गर्दै ट्राफिक प्रमुख पोखरेलले सडक संरचना व्यवस्थित हुन नसक्नु, सवारी साधन अत्यधिक वृद्धिलगायत कारणबाट सडक दुर्घटना बढेको बताउनुभयो । उपत्यकामा बर्सेनि साना ठूला १० हजार बढी सडक दुर्घटना हुने गरेको छ । सो दुर्घटनामा परी करिब दुई सयको मृत्यु तथा आठ हजार बढी घाइते भएका छन् ।

ट्राफिक प्रहरी प्रमुख पोखरेल विशेषगरी दुई पाङ्ग्रे सवारी सधानको चालकको असावधानी तथा लापरवाहीपूर्ण व्यवहार, मादक पदार्थ सेवन गरी सवारी चलाउने, लेन अनुशासन पालना नगर्ने, तीव्र गतिमा सवारी चलाउनेलगायत कारणबाट दुर्घटना बढेको बताउनुहुन्छ । "समयानुकूल भौतिक पूर्वाधारमा सुधार नहुनु, सडकको अवस्था र प्रविधिको अभावसमेत दुर्घटनाको कारक बनेको छ", उहाँले भन्नुभयो ।

प्रमुख पोखरेलले ट्राफिक प्रहरीको एक्लो प्रयासले मात्र ट्राफिक व्यवस्थापन कार्य सम्भव नहुने हुँदा सम्पूर्ण सरोकारवाला निकायको सहकार्य एवं जिम्मेवारीपूर्ण भूमिका आवश्यक रहेको बताउनुभयो ।

"सडकमा ट्राफिक प्रहरीको परिश्रम हाम्रै लागि हो भन्ने मनन् गरी ट्राफिक नियम र सडक अनुशासन पालना गरी सडक सभ्यताको विकास गर्नु सबैको साझा दायित्व हो", उहाँले भन्नुभयो, "सवारी व्यवस्थापन र सहज आवागमनका लागि सबैको हातेमालो र नियम पालना प्रतिको प्रतिबद्धताले मात्र दुर्घटनारहित सुरक्षित यात्रा सम्भव छ ।"

**ट्राफिक प्रहरी स्थापनाको सात दशक**

नेपालमा विसं २००७ मा स्थापना भएको रामदलबाट ट्राफिक नियन्त्रण कार्यको प्रारम्भ भएको थियो । विसं २००९ मा पहिलो पटक 'ट्राफिक पुलिस डिट्याचमेन्ट'को स्थापना गरी तत्कालीन बग्गीखाना हालको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय रहेको स्थानमा कार्यालय सञ्चालन गरेको इतिहास छ ।

ट्राफिक प्रहरीको व्यवस्थासँगै प्रहरीले सवारी व्यवस्थापन गरी विद्यमान ऐन नियमको पालना गराउनुका साथै सवारी नियम उल्लङ्घन गर्नेलाई कारबाहीको दायरामा ल्याउँदै आएको छ । सडक दुर्घटना न्यूनीकरण गर्दै ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रयासरत छ ।

साँघुरा सडक तथा सीमित सडक सञ्जाल, सम्पूर्ण खोला करिडोर निर्माण तथा सञ्चालन नहुनु तथा सार्वजनिक यातायत क्षेत्रमा हुने अस्वस्थ प्रतिस्पर्धाले ट्राफिक व्यवस्थामा कठिनाइ पैदा भएको ट्राफिक प्रहरीको भनाइ छ । लेन अनुशासनको उल्लङ्घन, तीव्र गति, ट्राफिक लाइटको वेवास्ता, जथाभावी यात्रु चढाउने र ओराल्ने कार्यले ट्राफिक व्यवस्थापन जटिल बन्दै गएको छ ।

मापदक पदार्थ तथा लागुऔषध सेवन गरेर सवारी चलाउने, पैदलयात्रुले जथाभावी बाटो काट्ने प्रवृत्तिले दुर्घटनाको जोखिम बढेको ट्राफिक प्रहरीको भनाइ छ । दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरीले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

ट्राफिक सचेतना सप्ताहको अगाडि दरबारमार्गबाट ट्राफिक सचेतनासम्बन्धी प्लेकार्ड बोकिएको प्रभातफेरि निकालिएको थियो । प्रभातफेरिमा उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले, गृहसचिव दिनेशकुमार भट्टराई, कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य, प्रहरी महानिरीक्षक, काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी, यातायात व्यवस्था विभागका महानिर्देशक, यातायात व्यवसायी, युवाविद्यार्थी तथा सर्वसाधारणको सहभागिता थियो ।

## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनत: विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालविवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ विपरित भएको विवाह स्वत:बदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सितापुर, सप्तरी**

## विश्व समाचार

### दिल्लीस्थित अफगानी दूतावास बन्द

नयाँदिल्ली, १४ असोज (रासस/एएनआई) ।

नयाँदिल्लीमा रहेको अफगान दूतावास बन्द भएको छ । अफगानिस्तानको हितमा दूतावास बन्द गरिएको शनिबार राति जारी विज्ञप्तिमा जनाइएको छ ।

दूतावासले जारी गरेको विज्ञप्तिमा "भारत सरकारको असहयोग, दिल्लीमा अफगानिस्तानको राष्ट्रिय स्वार्थ भारतमा प्रवर्द्धन गर्न अक्षम भएको तथा कर्मचारी एवं अन्य आवश्यक स्रोतको अभावमा दूतावास बन्द गर्नुपरेको" विज्ञप्तिमा उल्लेख छ ।

भारतले अफगानिस्तानको तालिबान सरकारलाई मान्यता दिएको छैन । त्यहाँ तालिबान सरकार सत्तामा फर्किएपछि भारत सरकारले आफ्नो कूटनीतिक उपस्थिति निलम्बन गरेको छ । जुन २०२२ मा नयाँ दिल्लीले अफगानिस्तानको राजधानीमा भारतीय मानवीय सहायता समन्वय गर्न एउटा प्राविधिक टोलीमात्र परिचालन गरेको छ ।

यही असोज ८ गते भारतीय विदेश मन्त्रालयलाई एक पत्र पठाउँदै अफगानिस्तानको राजदूतावासले भारत सरकारबाट कूटनीतिक व्यवहार र संरचनागत सहयोगको अभावमा दूतावास बन्द हुने जानकारी दिएको थियो ।

### 'जी २० को सफलता भारत-अमेरिका साझेदारीको सफलता हो'

वासिङ्टन, १४ असोज (रासस/एएनआई) ।

भारतका विदेशमन्त्री सुब्रमन्यम जयशङ्करले जी २० शिखर सम्मेलनको सफलता सफलता भारत-अमेरिका साझेदारीको सफलता भएको बताउनुभएको छ ।

"शिखर सम्मेलनमा भारत र अमेरिकाको समभ्रदारी, सहयोग, साझेदारी र सहकार्यका साथै साझा दृष्टिकोणको पनि सम्मिश्रण थियो," शनिबार वासिङ्टन डिसीस्थित इन्डिया हाउसमा 'कलर्स अफ फ्रेन्डसिप' कार्यक्रममा भारतीय कूटनीतिज्ञलाई सम्बोधन गर्दै विदेशमन्त्रीले भन्नुभयो-"जी २० शिखर बैठकमा विश्वका नेताहरूलाई एकै स्थानमा भेला गर्नु चुनौतीपूर्ण थियो तर त्यसमा हामी सफल भयौं ।

अमेरिकी साथ र सहयोगका लागि वासिङ्टनलाई श्रेय दिँदै विदेशमन्त्री जयशङ्करले वैश्विक चुनौती सामना गर्न भारत र अमेरिकाले साझेदारी गरिरहेका बताउनुभयो ।

गान्धी जयन्तीको पूर्वसन्ध्यामा भएको उक्त कार्यक्रममा उहाँले महात्मा गान्धीप्रति श्रद्धाञ्जलि अर्पण गर्दै जी २० का सन्देश पनि गान्धीका सिद्धान्तकै सेरोफेरोमा रहेका बताउनुभयो । 'संसारलाई साझा घर मान्ने र यसका बासिन्दालाई आफ्नै परिवार ठान्ने' प्राचीन परम्पराप्रति उहाँको लगाव रहेको विदेशमन्त्रीले उल्लेख गर्नुभयो ।

### एक लाख आदिवासी आर्मेनियाली पलायन

येरेभान, १४ असोज (रासस/एएफपी) ।

अर्मेनियाका अनुसार नागोर्नो-काराबाख क्षेत्रबाट एक लाखभन्दा बढी आदिवासी आर्मेनियाली पलायन भएका छन् ।

गत साता उक्त क्षेत्रमा अजरबैजानले कब्जा जमाएपछि आदिवासी आर्मेनियाली आफ्नो बहुलता भएको स्थानबाट अधिकांश पलायन भएका काराबाख क्षेत्रका पूर्वअभियन्ताहरूले बताएका छन् । अजरबैजानले उक्त क्षेत्रलाई पुन: एकीकरण गर्न र त्यहाँका बासिन्दालाई समान व्यवहार गर्न चाहेको बताएको छ तर अर्मेनियाली प्रवक्ताले त्यो भनाइ केवल 'झूट' भएको टिप्पणी गरेका छन् ।

अर्मेनियाका प्रधानमन्त्रीका प्रवक्ता नाजेली बग्दासर्यानले नागोर्नो-काराबाखको अनुमानित एक लाख २० हजार जनसङ्ख्यामध्ये एक लाख चार सय १७ जना पलायन भएका बताएका छन् ।

शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय निकाय युएनएचसीआरले पनि एक लाख आदिवासी आर्मेनियाली पलायन भएका जनाउँदै उनीहरूलाई तत्काल मानवीय सहायता आवश्यक परेको बताएको छ ।

नागोर्नो-काराबाख क्षेत्रको धरातलीय यथार्थबारे जानकारी लिन तथा त्यहाँको वस्तुस्थिति मूल्याङ्कन गर्न राष्ट्रसङ्घीय टोली आइतबारसम्ममा त्यहाँ पुग्ने बताइएको छ । आर्मेनियाली पूर्वपृथकतावादी नेता आर्टक बेग्लरियानले नागोर्नो-काराबाखका बासिन्दाको अन्तिम समूह शनिबार आर्मेनियातर्फ लागेको बताएका छन् । "अधिकांशमा केही सय व्यक्तिमात्र बाँकी छन्, तीमध्ये अधिकांश अधिकारी आपतकालीन सेवाका कर्मचारी र स्वयंसेवक हुन्," उनले सामाजिक सञ्जालमा लेखेका छन् ।

अजरबैजानी सैन्य कारबाहीका क्रममा मारिएका बाहेक सोमबार नागोर्नो-काराबाखमा इन्धन डिपोमा भएको भीषण विस्फोटमा कम्तीमा एक सय ७० जनाको मृत्यु भएको थियो । अर्मेनियालीहरूद्वारा स्टेपानाकर्ट भनेर चिनिने खानकेन्डी नजिकै विस्फोटको कारण अझै स्पष्ट भइसकेको छैन । गत बिहीबार अजरबैजानले नागोर्नो काराबाख क्षेत्र आफ्नो अधिनमा आएको बताएसँगै स्वघोषित स्तन्त्रताको तीन दशक लामो रक्तपातपूर्ण द्वन्द्व अन्त्यसँगै अब त्यसको अस्तित्वसमेत समाप्त भएको घोषणा भएको थियो ।

नागोर्नो-काराबाखका स्वतन्त्रता पक्षधर आर्मिनियाली नेता सम्वेल शाहरामन्यानले सन् २०२४ को जनवरी १ देखि यसको अस्तित्व समाप्त हुने घोषणा गरेका थिए । नयाँ वर्षको पहिलो दिनदेखि सबै राज्य संस्था विघटन गर्ने आदेशमा हस्ताक्षर गर्दै उक्त घोषणा गरेका उनले जनताको सुरक्षाका खातिर त्यो अप्रिय निर्णय गर्नुपरेको स्पष्ट गरेका थिए ।

अजरबैजानको भूभागको रूपमा अन्तरराष्ट्रिय मान्यता दिइएको नागोर्नो-काराबाख विगत तीन दशकदेखि आदिवासी आर्मेनियालीहरूद्वारा नियन्त्रित थियो । सन् १९८८ मा आर्मेनिया र अजरबैजानबीच सुरु भएको द्वन्द्वको मुख्य जड तत्कालीन सोभियत सङ्घ टुक्रिएपछि भएको युद्धमा आफूले जितेको भूभाग आफ्नै नियन्त्रणमा हुनुपर्ने आर्मेनियाको अडान थियो ।

# जितिया पर्वको अवसरमा शुभकामना आदान प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, १४ असोज ।**

मधेशमा मनाइने जितियाको अवसर पारेर राजबिराजमा आइतबार शुभकामना आदान प्रदानको कार्यक्रमको आयोजना गरिएको छ ।

जनता समाजवादी पार्टी नेपाल सप्तरी निकट समाजवादी महिला संघको आयोजनामा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा महिलाहरूले नाचगान तथा जितिया पर्वको विधि विधान र महत्व बारे चर्चा परिचर्चा गरेका थिए ।

उक्त अवसरमा राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादवले जितिया पर्वको अवसरमा मैथिल संस्कृति पर्व मध्येको एउटा मुख्य पर्व जितिया रहेकोले सन्तानको सुखशान्ति र चिरायुका लागि कामना गर्दै शुभकामना दिए ।

यसैगरी मधेश प्रदेशका निवर्तमान उपसभामुख उपमा देवले जितिया पर्व नियमपूर्वक पूजा गर्नाले आफ्नो सन्तानको आयु वृद्धि हुने जनविश्वास रहेको बताइन् ।

मधेशको पौराणिक महत्वको पर्व असोज कृष्णपक्ष शुरु हुनासाथै पुत्रवती महिलाहरुले जितियाको चर्चा र तयारी थालेका हुन् ।

समाजवादी महिला संघ सप्तरीकी अध्यक्ष रमिला साहको अध्यक्षतामा आयोजित कार्यक्रममा जसपा सप्तरी अध्यक्ष केदार यादव, बोदेबरसाइन नगरपालिका उपप्रमुख रेणु कुमारी साह, राजगढ गाउपालिका उपाध्यक्ष रेणु मण्डल, मैथली अभियानी करूणा झा लगायतले शुभकामना मन्तव्य दिएका थिए ।

कृष्णपक्ष शुरु हुनासाथै व्रतालु महिला आत्मिक, दैहिक, भावनात्मक र भौतिक तयारीमा जुट्ने पुरानो परम्परा हो । यस दिन व्रतार्थी स्नानादी गरी पवित्र भई घिरौंलाको पातमा तोरीको तेल र पिना (खरी) चढाएर जिमुतवाहन देवताको पूजा गर्दछन्, जसलाई तेलखरी भनिन्छ । यो तेलखरी प्रसादस्वरूप घरका सबैले टाउकामा लगाउने गर्दछन् ।

सप्तमी तिथिकै दिन दिवङ्गत भएका महिलाप्रति श्रद्धास्वरूप नैवेद्य अर्पण गरी महिलालाई निम्तो दिएर भोज गर्ने चलन पनि रहेको छ, जसलाई पितराइन भनिन्छ । यसैदिन सधवाले कोदो (मरूवा) रोटी र माछा खाने परम्परा रहेको छ ।

शाहाकारी हुनेले गम्हरी (कोसा भित्रै फल्ने धान) को खीर वा भात पनि खाने चलन छ । सोही तिथिको रातिको अन्तिम प्रहरमा व्रतार्थी दही, च्यूरा । फल, मिष्ठान आदि खाने गर्दछन्, जसलाई 'ओठङन' भनिन्छ । यसरी खाइसकेपछि व्रतार्थी जलपात्रमा जल लिई घरको ढोकाको दैलोको छेउमा भित्तामा अडेस लगाएर पानी पिउने गर्दछन् ।

जितिया व्रत अष्टमी तिथिको व्रत भएकाले अष्टमी तिथि रहुञ्जेलसम्म निराहार व्रत बस्ने गरिन्छ । नवमी तिथिमा स्नानादी गरी पवित्र भई पूर्ववत् जिमुतवाहनलाई नैवेद्य अर्पण गरी प्रसाद ग्रहण गरिन्छ । यसरी व्रतको पारण गरिन्छ ।

यस व्रतमा थुक पनि निल्न नहुने र ३६ घण्टासम्म निराहार उपवास व्रतमा बसी व्रतलाई खण्डित पनि गर्न नपाउने नियम रहेकाले यो पर्वलाई कठोर पर्वका रुपमा पनि लिइन्छ ।

सन्तानको दीर्घायु तथा सुख समृद्धिका लागि गरिने यस पर्वको मिथिलामा विशेष महत्व छ । ठूलो दुर्घटना वा कुनै विपद्बाट जोगिएपछि यहाँ उखान नै छ- तोहर माय खर जितिया कैने छलौ तें बाँची गेले । अर्थात् तिम्रो आमा जितिया व्रत बसेकी थिइन्; त्यसैले तिम्रो ज्यान जोगियो ।

### *सरकारद्वारा उच्चस्तरीय...*

दाहालले आयोग गठनको निर्णयबारे सदनलाई जानकारी गराउनुहुनेछ ।

यसअघि आइतबार बिहान प्रधानमन्त्री दाहाल र एमाले अध्यक्ष ओलीबीच छलफल भएको थियो । उक्त छलफलपछि प्रधानमन्त्री दाहालले सत्तारुढ दलसँग पनि सो विषयमा छलफल गर्नुभएको थियो । आइतबारको छलफलमा संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलमध्ये राष्ट्रिय स्वतन्त्र पार्टीबाहेकको उपस्थिति थियो ।

# छिमेकीद्वारा हत्या : प्रहरी

**दैनिक समाचारदाता**
**बारा, १४ असोज ।**


बाराको पचरौतामा मृत भेटिएका ३५ वर्षीय अमरेश कुमार सिंहलाई छिमेकीले हत्या गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

असोज ८ गते राति साढे १२ बजे नेपाल-भारत सिमानामा अमरेश कुमार सिंह मृत अवस्थामा भेटिएका थिए ।

सिंहलाई पचरौता नगरपालिका-१ स्थित पिपरपातिमा धारिलो हतियार प्रयोग गरेर घाँटी काटेर हत्या गरेको प्रहरीको अनुसन्धान निष्कर्ष छ ।

हत्या आरोपमा पचरौता नगरपालिका १ बस्ने ३५ वर्षीय श्याम लाल महतो उर्फ सामलाली, राजु शाह र श्याम लालको भाइ जागृत महतो उर्फ झोझालाई पक्राउ गरिएको बाराका एसपी सुरेश काफ्लेले जानकारी दिए ।

श्याम लाल महतोले धादिङमा बस्ने आफ्ना छोरा २० वर्षीय अधेश कुमार महतोलाई बोलाएर कान्छा छोरा १६ वर्षीय धनेश कुमार महतो र भारतीय नागरिक २१ वर्षीय राहुल शाह कानुको सहयोगमा हत्या गरेको प्रहरीको अनुसन्धान निष्कर्ष छ । हत्यामा संलग्न तीन जना अझै फरार फरार छन् ।


कृषि भूमि व्यवस्था ... निवारण मन्त्रालय
भूमि व्यवस्था ... विभाग
गुठि सुधार तथा मालपोत कार्यालय, राजविराज
सप्तरी.

चलानी नं. :
पत्र संख्या :
मिति: २०८०।६।१४
प्राप्त पत्र संख्या र मिति:

विषय : ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना ।

रामरुप प्रसाद यादव दर्ता रहेको साबिक गा.वि.स. नेगडा -४ मौजा रैन ... हाल तपसिल बमोजिम नापी भएको जग्गा ... ... गरी प्रमाण पुर्जा पाउँ भनी गा.वि.स./न.पा. नेगडा ४ हाल बोदेबरसाइन न.पा. - ... वडा नं. ... बस्ने श्री सुरज कुमार यादव ... को द. नं. ४०६४ मिति २०८०।६।१४ मा निवेदन परी ३५ ... सार्वजनिक सूचना प्रकाशित ... २०८०।६।१४ मा आदेश भए अनुरुप यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता नामसारी नाम धर बदर ... कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा ... नहुने छ । म्याद भित्र कसैको दावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम ... गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरो दावी नलाग्ने व्यहोरा सम्बन्धित ... जानकारी गराईन्छ ।

तपसिल

| गा.वि.स./न.पा. | वाडं नं. | कि.नं. | क्षेत्रफल | साबिक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| नेगडा | ४ क | १३४४ | ०-२-१६½ | रामरुप यादव | |

नोट :- ...

# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराइड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np